# राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ को कार्यान्वयन कार्ययोजना

MOWCSC

नेपाल सरकार

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरवार,काठमाडौं

## परिच्छेद १

## कार्ययोजनाको परिचय

### पृष्ठभूमि

नेपालको संविधानले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्त अनुरूप विभेद रहित, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने आधार तयार गरेको छ ।संविधानको धारा ३८ मा प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुने, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुने, महिला विरुद्ध कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने तथा त्यस्तो कार्य गरे कानून बमोजिम दण्डनीय हुने, पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने, शिक्षा स्वास्थ्य रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने र सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने व्यवस्था मौलिक हक अन्तर्गत राखिएको छ ।साथै धारा २५२ मा राष्ट्रिय महिला आयोगलाई संवैधानिक आयोगको रूपमा स्थापित गरेको छ।

लैङ्गिक समतामूलक राष्ट्र निर्माणको सोच र लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्ने लगायतका उद्देश्यसहित पन्ध्रौं आवधिक योजना कार्यान्वयनमा रहेको छ।लैङ्गिक समानताका लागि विगतका प्रयासहरूले शिक्षा, स्वास्थ्य, सम्पत्ति माथिको स्वामित्व, श्रम सहभागिता तथा सकारात्मक परिवर्तन भएको छ।यसबाट महिलाको राजनीतिक तथा आर्थिक भूमिका प्रभावकारी हुँदै गएको छ । यद्यपि महिला, बालबालिका र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक माथि हिंसा, विभेद, असमानता एवम् सामाजिक हानिकारक अभ्यासहरू कायम नै रहेका छन्। मुलुकले अङ्गीकार गरेको सङ्घीय ढाँचा र नयाँ शासकीय स्वरूप अनुरूप विगतमा नेपाल सरकारबाट महिला सशक्तीकरण तथा हिंसा, विभेद र असमानताका लागि भए गरेका कार्य प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएका छन्।दिगो विकासको लक्ष्य नं ५ मा उल्लेखित लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला तथा किशोरीहरुलाई सशक्त बनाउने लक्ष्य प्राप्तिका लागि सूचकहरू निर्माण भई कार्यान्वयनमा रहेको अवस्था छ।

लैङ्गिक समानताका क्षेत्रमा प्राप्त उपलब्धीलाई संस्थागत गर्दै दिगो विकासका लक्ष्य प्राप्ति र सारभूत लैङ्गिक समानताको स्थापनाका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्यलाई सुदृढ बनाउँदै राज्यका तीनवटै तहमा लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्न योजना, नीति तथा कार्यक्रम, वार्षिक बजेट तथा सेवा प्रवाहलाई लैङ्गिकमैत्री बनाई समृद्ध र न्यायपूर्ण समाजको स्थापना गर्न राष्ट्रिय लैङ्गिक समानता नीति नेपाल सरकारबाट मिति २०७७।१०।५ मा स्वीकृत भएको छ ।उक्त नीतिको उद्देश्य प्राप्त गर्न संघ, प्रदेश र स्थानीय तहको भूमिकालाई स्पष्ट गर्न विभिन्न संघ, संस्था तथा सरोकारवालासँग समन्वय र सहकार्य गरी नीतिको कार्यान्वयन गर्न साथै लैंगिक समानता प्रवर्द्धन गर्न, लैंगिक हिंसा अन्त्य गर्न ,सबै महिला र बालिकाको सशक्तीकरण गरी राष्ट्रिय आकाङ्क्षा प्राप्तिमा योगदान गर्न, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) तथा बेइजिङ घोषणा र कार्यमञ्च (Beijing Declaration and Platform for Action) को कार्यान्वयनलाई थप प्रभावकारी बनाउन यो कार्ययोजना तयार गरिएको छ ।

## १. कार्ययोजनाको आवश्यकता र औचित्यता

महिला, किशोरी तथा बालिकाको सामाजिक-आर्थिक विकासका लागि नीतिगत र संरचनात्मक व्यवस्था गर्ने, लैङ्गिक भेदभाव, हिंसा र शोषणको अन्त्य गरी समानता कायम गर्ने, लैङ्गिक मूल्य मान्यतामा आधारित समाज स्थापित गर्ने, लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्बन गर्ने र महिलाको आर्थिक सशक्तीकरण गर्ने उद्देश्यका साथ राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ कार्यान्वयनमा रहेको छ । संघ, प्रदेश र स्थानीय सरकारको जिम्मेवारी र भूमिकालाई स्पष्ट गरी नीतिले लिएको उद्देश्य, लक्ष्य र दीर्घकालीन सोच पूरा गर्नको लागि नीतिमा रहेका रणनीति तथा कार्यनीतिको प्रभावकारी रुपमा कार्यान्वयन गर्न कार्ययोजनाको तर्जुमा गरिएको छ ।

लैङ्गिक समानता कायम गर्ने दिशामा मुलुकले हासिल गरेको उपलब्धीलाई निरन्तरता दिँदै लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई स्थानीय तहसम्म संस्थागत गर्न, सार्वजनिक क्षेत्र, निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी संस्था एवम् सामुदायिक संस्था सबैमा लैङ्गिक संवेदनशील व्यवहारको विकास गरी लैङ्गिकमैत्री नीति, योजना एवम् कार्यक्रमबीच सामान्जस्यता ल्याउन नेपालले संवैधानिक तथा अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता पूरा गरी लैंङ्गिक समानता हासिल गरी राष्ट्रिय आकाङ्क्षा पूरा गर्न समेत यस कार्ययोजनाको औचित्य रहेको छ ।

## २. कार्ययोजना निर्माणको विधि र प्रक्रिया

राष्ट्रिय लैङ्गिक समानता नीति कार्यान्वयन कार्ययोजना, नेपाल सरकारका मन्त्रालयहरु, आयोग, विभिन्न संघ संस्था र विज्ञ समुह समेतको राय सुझाव लिई प्राप्त राय सुझावलाई समेत समावेश गरी तयार गरिएको छ।

## ३. अपेक्षित उपलब्धी

- ❖ लैङ्गिक समानता कायम गर्ने सम्बन्धी आवश्यक कानून तर्जुमा, विभेदकारी कानूनको परिमार्जन एवं तर्जुमा भएका कानूनको प्रभावकारी रूपमा कार्यान्वयन भएको हुने।
- ❖ संघ, प्रदेश तथा स्थानीय तहमा लैङ्गिक उत्तरादायी शासन पद्धति कायम भएको हुने ।
- ❖ हिंसा पीडितको उद्दार, राहत, संरक्षण र पुनर्स्थापना भएको हुने ।
- ❖ विद्यमान लैङ्गिक हिंसा तथा हानिकारक अभ्यास कुप्रथाको न्यूनीकरण भई समानता कायम भएको हुने।
- ❖ आर्थिक तथा सामाजिक दृष्टिले पछाडि परेका वर्ग र समुदायको संरक्षण र सशक्तीकरण भएको हुने।
- ❖ लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परा परिवर्तन गरी श्रम बजारमा महिलाको सहभागिता वृद्धि भई अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन भएको हुने।
- ❖ स्रोत साधन माथि महिलाको समान पहुँच, नियन्त्रण र निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागितामा वृद्धि र आर्थिक सशक्तीकरणको माध्यमबाट महिलाहरु आत्मनिर्भर भएको हुने।

## परिच्छेद २

## कार्यान्वयन कार्ययोजनामा समेटिएको विषय

| क्र.सं. | रणनीति | कार्यक्रम तथा क्रियाकलाप | अपेक्षित उपलब्धी | मुख्य जिम्मेवार निकाय | | | सहयोगी निकाय | अनुगमन सूचक | सूचनाको स्रोत | समय सीमा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय | | | | |
| १. | विद्यमान र नयाँ तर्जुमा हुने कानूनलाई लैङ्गिक मैत्री बनाउने र सकारात्मक विभेदको नीति तर्जुमा र कार्यान्वयनलाई निरन्तरता दिने । | १. लैङ्गिक समानता कायम गर्न आवश्यकता अनुसार विद्यमान विभेदकारी कानूनलाई परिमार्जन गर्ने। | लैङ्गिकमैत्री कानूनको निर्माण भएको हुने। | महिला, बाल बालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, नेपाल सरकारका सम्बन्धित मन्त्रालय | विषयसँग सम्बन्धित मन्त्रालय। | स्थानीय तह | राष्ट्रिय महिला आयोग, नेपाल कानून आयोग | निर्माण भएका लैंगिक मैत्री कानून | जिम्मेवार निकायका प्रतिवेदन | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २. कानूनको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत सुदृढीकरण गर्ने । | संस्थागत सुदृढीकरण भई कार्य वातावरण तथा सेवा प्रवाह प्रभावकारी हुने | नेपाल सरकारका सम्बन्धित बिषयगत मन्त्रालय | प्रदेश सरकारका सबै मन्त्रालय | स्थानीय तह | निजी क्षेत्र, आम संचार माध्यम, नागरिक समाज लगायतका सरोकारवाला निकाय | व्यवस्थापन परीक्षण, तेस्रो पक्ष मूल्यांकन | सम्बन्धित निकायका प्रतिवेदन | निरन्तर |
| | | ३. सामाजिक जागरण र सचेतना अभियान सञ्चालन गर्ने। | लैङ्गिक सवालमा सरोकारवाला जागरुक भएको हुने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश सरकारका विषयगत मन्त्रालय | स्थानीय तह | राष्ट्रिय महिला आयोग, गैह्र सरकारी संस्था, निजी क्षेत्र, आम संचार माध्यम, नागरिक समाज लगायतका सरोकारवाला निकाय | संचालित कार्यक्रमको संख्या, सम्बन्धित पक्षबाट प्राप्त पृष्ठ पोषण | सम्बन्धित निकायका प्रतिवेदन | निरन्तर |
| | | ४.सकारात्मक विभेदका | महिलाको सहभागितामा | नेपाल सरकारका | विषयसँग सम्बन्धित | स्थानीय तह | संवैधानिक आयोग, | महिला साक्षरता दर, | जिम्मेवार निकायका | निरन्तर |

MOWCSC

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | माध्यमबाट राज्यका सबै क्षेत्रमा महिलाको समानुपातिक सहभागिता र समान अवसरको सुनिश्चितता गर्ने। | वृद्धि भएको हुने । | सम्बन्धित विषयगत मन्त्रालय | मन्त्रालय | | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गैह्र सरकारी संस्था, निजी क्षेत्र, नागरिक समाज | रोजगारी तथा उद्यमशीलता को दर, राजनीतिक, प्रशासनिक र न्यायिक क्षेत्रमा महिलाको सहभागिता | प्रतिवेदन | |
| | | ५. महिलाको सहभागितालाई अर्थपूर्ण बनाउन क्षमता अभिवृद्धि गर्ने । | महिलाको क्षमता अभिवृद्धि भएको हुने। | नेपाल सरकारका सम्बन्धित विषयगत मन्त्रालय | विषयसँग सम्बन्धित मन्त्रालय | स्थानीय तह | संवैधानिक आयोग, गैह्र सरकारी संस्था, निजी क्षेत्र, नागरिक समाज लगायतका सरोकारवाला निकाय | सञ्चालित कार्यक्रम, राज्यका विभिन्न क्षेत्रहरुमा महिलाको सहभागीता दर | जिम्मेवार निकायका प्रतिवेदन | निरन्तर |
| | | ६. समाजमा लैङ्गिकमैत्री | विद्यालयमा लैङ्गिकमैत्री | शिक्षा, विज्ञान तथा प्रविधि | विषयसँग सम्बन्धित | स्थानीय तह | महिला वालवालिका | लैङ्गिकमैत्री पाठ्यक्रमहरु | शिक्षा, विज्ञान | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दृष्टिकोण निर्माण गर्न विद्यालय शिक्षादेखि नै लैङ्गिकमैत्री पाठ्य सामग्री लागू गर्ने। | पाठ्य सामग्री तथा पठनपाठन पद्धतिको विकास भएको हुने। | मन्त्रालय | मन्त्रालय | | तथा ज्येष्ठ नागरिक मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र शैक्षिक निकाय प्याब्सन, हिसान | र पठनपाठनको अवस्था, | तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रको प्रतिवेदन | |
| | | ६.लैङ्गिक समानता तथा महिला विकासका अभियानमा पुरुषको सहभागीता सुनिश्चित गर्ने। | पुरुषको सहभागिता सुनिश्चित भएको हुने। | नेपाल सरकारका सबै निकाय | प्रदेश सरकारका सबै निकाय | स्थानीय तह | गैह्र सरकारी संस्था, निजी क्षेत्र, नागरिक समाज लगायतका सरोकारवाला निकाय | महिला र पुरुषको सहभागिताको अवस्था, | जिम्मेवार निकायका प्रतिवेदन | निरन्तर |

| क्र.सं. | रणनीति | कार्यक्रम तथा क्रियाकलाप | अपेक्षित उपलब्धी | मुख्य जिम्मेवार निकाय | | | सहयोगी निकाय | अनुगमन सूचक | सूचनाको स्रोत | समय सीमा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय | | | | |
| | निरोधात्मक, उपचारात्मक तथा | १. लैङ्गिक विभेदजन्य हिंसा एवं यौनजन्य | लैङ्गिक र विभेदजन्य | नेपाल सरकारका सबै | प्रदेश सरकारका | स्थानीय | गैह्र सरकारी संस्था, निजी | विद्यमान कानूनी | जिम्मेवार निकायका | निरन्तर |

MOWCSC

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | नियमनकारी उपायद्वारा सामाजिक मूल्य र मान्यतामा परिवर्तन गर्दै लैङ्गिक विभेदजन्य हिंसाको अन्त्य गर्ने । | दुर्व्यवहार न्यूनीकरण सम्बन्धी अनुशिक्षण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने। | हिंसा एवं यौनजन्य दुर्व्यवहार विरुद्ध सचेतना अभिवृद्धि भएको हुने । | निकाय | सबै निकाय | तह | क्षेत्र, सामाजिक अभियन्ता, नागरिक समाज लगायतका सरोकारवाला निकाय | व्यवस्थाको सम्बन्धमा अनुशिक्षण तथा अन्तरक्रिया कार्यक्रमहरु | प्रतिवेदन | |
| | | २. विद्यमान लैङ्गिकमैत्री कानूनी व्यवस्थाको प्रचार प्रसार गर्ने । | लैङ्गिकमैत्री कानूनी व्यवस्थाको सम्बन्धमा सबैलाई जानकारी भएको हुने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय। | विषयसँग सम्बन्धित मन्त्रालय | स्थानीय तह | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, गैह्र सरकारी संस्था, निजी क्षेत्र, नागरिक समाज लगायतका सरोकारवाला निकाय । | कानून कार्यान्वयनको अवस्थाको अध्ययन प्रतिवेदन र सञ्चालित सचेतनामूलक कार्यक्रम | जिम्मेवार निकायका प्रतिवेदन | -निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ३. लैङ्गिक हिंसाको अवस्थाको अध्ययन अनुसन्धान गर्ने । | अनुसन्धानमूलक प्रतिवेदन तयार भएको हुने । | महिला वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, विश्वविद्यालय | विषयसँग सम्बन्धित मन्त्रालय | स्थानीय तह | नेपाल सरकारका अन्य निकाय, संवैधानिक आयोग, गैह सरकारी संस्था, निजी क्षेत्र, सहकारी संस्था, नागरिक समाज लगायतका सरोकारवाला निकाय । | -लैङ्गिक हिंसाबाट प्रभावितको संख्या | जिम्मेवार निकायका प्रतिवेदन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन प्रतिवेदन | निरन्तर |
| | | ४. हिंसामा परेका महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकका लागि सुरक्षा, संरक्षण तथा पुनर्स्थापना गर्न मापदण्ड तयार गरी अल्पकालीन सेवा केन्द्र र दीर्घकालीन | हिंसा पीडित, प्रभावित महिला, किशोरी, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक का आश्रित बालबालिकाले सुरक्षित आश्रय | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, | विषयसँग सम्बन्धित मन्त्रालय | स्थानीय तह | राष्ट्रिय महिला आयोग, गैह सरकारी संस्था, निजी क्षेत्र, नागरिक समाज लगायतका सरोकारवाला निकाय | निर्माण भएका मापदण्ड, स्थापना भएका अल्पकालीन सेवा केन्द्र र दीर्घकालीन पुनर्स्थापना केन्द्र | जिम्मेवार निकायका प्रतिवेदन | निरन्तर |

MOWCSC

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने । | पाएको हुने । | | | | | | | |
| | | ५. हिंसा पीडित /प्रभावितलाई मनोसामाजिक परामर्श/ विमर्श, निशुल्क कानूनी सहायता, स्वास्थ्य सेवा उपलब्ध गराइनुका साथै परिवार र समुदायमा पुनर्मिलन गराई जीविकोपार्जनको कार्यक्रम सञ्चालन गर्ने । | मनोसामाजिक तथा कानूनी सेवा प्राप्त भएको हुने। परिवार र समुदायमा पुनर्मिलन गराइएको हुने। जीविकोपार्जन को कार्यक्रम सञ्चालन भई आर्थिक रुपमा आत्मनिर्भर भएको हुने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | विषयसँग सम्बन्धित मन्त्रालय | स्थानीय तह | राष्ट्रिय महिला आयोग, उद्योग वाणिज्य महासंघ लगायतका संघ, गैह्र सरकारी संस्था, निजी क्षेत्र, नागरिक समाज लगायतका सरोकारवाला निकाय | मनोसामाजिक परामर्श/विमर्श, कानूनी सेवा, स्वास्थ्य सेवा पुगेको अवस्था, सञ्चालित उद्यमशीलता का कार्यक्रमको संख्या | जिम्मेवार निकायका प्रतिवेदन | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ६. महिला हिंसा र सोको व्यवस्थापन सम्बन्धी सूचना प्राप्त गर्न महिला, बालबालिका सम्बन्धी हेल्पलाईन स्थापना, सञ्चालन र विस्तार गर्ने। | हिंसा पीडित प्रभावितको छिटो छरितो उद्धार, संरक्षण तथा न्यायिक पहुँचमा बृद्धि भएको हुने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय बालअधिकार परिषद् | -विषयसँग सम्बन्धित मन्त्रालय | स्थानीय तह | राष्ट्रिय महिला आयोग गैह्र सरकारी संस्था, निजी क्षेत्र, नागरिक समाज लगायतका सरोकारवाला निकाय | महिला, बालबालिका सम्बन्धी सञ्चालित हेल्पलाईन | जिम्मेवार निकायका प्रतिवेदन | निरन्त र |
| | | ७. बढ्दो साइबर अपराधका विषयमा सम्बद्ध पक्षलाई सुसूचित गरी अपराधलाई नियन्त्रण गर्ने। | साइबर अपराधका विषयमा लक्षित वर्ग सुसूचित भई सो सम्बन्धी घटनाको सङ्ख्यामा न्यूनीकरण र नियन्त्रण भएको हुने। | गृह मन्त्रालय, नेपाल प्रहरी, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | विषयसँग सम्बन्धित मन्त्रालय। | स्थानीय तह | राष्ट्रिय महिला आयोग, गैह्र सरकारी संस्था, निजी क्षेत्र, सामाजिक अभियन्ता, नागरिक समाज लगायतका सरोकारवाला निकाय | साईबर अपराध मुद्दाको अवस्था, सञ्चालित जनचेतनामूलक कार्यक्रम | नेपाल प्रहरी लगायत जिम्मेवार निकायको प्रतिवेदन | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ८. प्रजनन स्वास्थ्यमा सबैको पहुँच पुग्ने । | मर्यादित महिनावारीको अभ्यास भएको हुने। प्रजनन स्वास्थ्य सम्बन्धी चेतना अभिवृद्धि भएको हुने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | विषयसँग सम्बन्धित मन्त्रालय। | स्थानीय तह | राष्ट्रिय महिला आयोग, गृह मन्त्रालय, युवा क्लब, किशोरी समूह, आमा समूह, गैह्र सरकारी संस्था निजी क्षेत्र, सहकारी संस्था, सामाजिक अभियन्ता, नागरिक समाज विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, बालक्लब | सञ्चालित कार्यक्रम तथा अभियानहरु को संख्या | जिम्मेवार निकायका प्रतिवेदन | निरन्तर |

MOWCSC

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ९. कानूनको प्रभावकारी कार्यान्वयन गरी स्थानीय तहको सक्रियतामा बाल विवाह, बहुविवाह, दाईजो तिलक जस्ता सामाजिक कुरीतिको अन्त्य गर्ने। | कुरीति नियन्त्रण सम्बन्धि कानूनको प्रभावकारी कार्यान्वयन भएको हुने। कानून विपरित क्रियाकलाप गर्नेलाई दण्ड, सजाय र जरिवाना भएको हुने । | गृह मन्त्रालय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय महिला, बालबालिका, ज्येष्ठ नागरिक क्षेत्र हेर्ने सम्बन्धित मन्त्रालय | स्थानीय तह | राष्ट्रिय महिला आयोग, तीनै तहका अदालत, महान्यायाधिवक्ताको कार्यालय। गैह्र सरकारी संस्था, निजी क्षेत्र, सामाजिक अभियन्ता, नागरिक समाज लगायतका सरोकारवाला निकाय। | कानून कार्यान्वयनको अवस्थाको अध्ययन प्रतिवेदन। | जिम्मेवार निकायका प्रतिवेदन | निरन्तर |

| क्र.सं. | रणनीति | कार्यक्रम तथा क्रियाकलाप | अपेक्षित प्रतिफल | जिम्मेवार निकाय | | | सहयोगी निकाय | अनुगमन सूचक | सूचनाको स्रोत | समय सीमा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय | | | | |
| ३ | कानूनी प्रबन्ध, संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट तीनवटै शासकीय तहमा लैङ्गिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने । | १. लैङ्गिक समानता नीति कार्यान्वयन गर्न तीन तहका सरकारको क्षमता विकास गर्ने। | लैङ्गिकमैत्री शासन प्रणालीको वातावरण तयार भएको हुने । | नेपाल सरकारका मन्त्रालय | प्रदेश सरकारका मन्त्रालय | स्थानीय तह | संवैधानिक आयोग | क्षमता विकासका कार्यक्रमहरु | जिम्मेवार निकायका प्रतिवेदन | निरन्तर |
| | | २. क्षेत्रगत सार्वजनिक नीतिहरुमा महिला सशक्तीकरणलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्ने। | महिला सशक्तीकरणका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अर्थ मन्त्रालय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | विषयसँग सम्बन्धित मन्त्रालय | स्थानीय तह | राष्ट्रिय योजना आयोग, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | महिला सशक्तीकरण सम्बन्धी नीतिगत व्यवस्था | जिम्मेवार निकायका प्रतिवेदन | निरन्तर |

MOWCSC

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ३. लैङ्गिक बजेट विनियोजन तथा परीक्षणलाई संस्थागत गर्ने। | लैङ्गिक बजेट राज्यका सबै तहमा सुनिश्चित भएको हुने । | संघका सबै मन्त्रालय तथा सरकारी निकाय/ आयोग/ प्रतिष्ठान | विषयसँग सम्बन्धित मन्त्रालय | स्थानीय तह | राष्ट्रिय योजना आयोग महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग | लैङ्गिक परीक्षण प्रतिवेदन | जिम्मेवार निकायका प्रतिवेदन | निरन्तर |
| | | ४. लैङ्गिक सम्पर्क व्यक्तिको भूमिका समय सापेक्ष बनाई क्षमता विकास गर्ने । | लैङ्गिक सम्पर्क व्यक्तिहरुको भूमिका सशक्त र प्रभावकारी भएको हुने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, नेपाल सरकारका अन्य मन्त्रालयहरु | विषयसँग सम्बन्धित मन्त्रालय | स्थानीय तह | राष्ट्रिय योजना आयोग, सम्पूर्ण सार्वजनिक निकायहरु | सञ्चालित क्षमता विकासका कार्यक्रम | विभिन्न मन्त्रालय तथा आयोगका वार्षिक बजेट तथा कार्यक्रमहरु | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ५. कार्यस्थलमा लैङ्गिक मैत्री वातावरण सृजना गर्ने । | कार्यस्थलमा लैङ्गिकमैत्री वातावरणको निर्माण भई कामकारवाहीमा लैङ्गिक संवेदनशीलता प्रवर्द्धन भएको हुने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, शहरी विकास मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय तथा अन्य सम्बन्धित मन्त्रालय | सम्बन्धित विषयक्षेत्र हेर्ने मन्त्रालय | स्थानीय तह | विभिन्न मन्त्रालय, विभाग लगायका सम्पूर्ण जिम्मेवार निकायहरु | निर्माण भएका लैङ्गिक मैत्री संरचनाहरु तथा कार्यान्वयन भएका आचारसंहिता | जिम्मेवार निकायका प्रतिवेदन | २ वर्ष |

MOWCSC

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ६. खण्डीकृत लैङ्गिक तथ्याङ्क तथा लैङ्गिक सूचना व्यवस्थापन प्रणालीको विकास तथा सहज पहुँचको व्यवस्था गर्ने । | नीति तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन तथ्यमा आधारित हुने । | सम्बन्धित विषयगत मन्त्रालय केन्द्रीय तथ्याङ्क विभाग | विषयसँग सम्बन्धित मन्त्रालय | स्थानीय तह | राष्ट्रिय योजना आयोग, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय सूचना प्रविधि केन्द्र | विकास गरिएका तथ्याङ्क प्रणाली | योजना आयोगको प्रतिवेदन, दिगो विकास लक्ष्यको प्रगति प्रतिवेदन | निरन्तर |
| | | ७. सार्वजनिक नियुक्ति समानुपातिक समावेशी बनाउने । | सार्वजनिक नियुक्ति समानुपातिक समावेशी भएको हुने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय तथा अन्य सबै मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेशका सबै सरकारी निकाय | स्थानीय तह | लोक सेवा आयोग संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, | समानुपातिक समावेशी प्रतिनिधित्वको अवस्था | जिम्मेवार निकायका प्रतिवेदन | निरन्तर |

MOWCSC

| क्र.सं. | रणनीति | कार्यक्रम तथा क्रियाकलाप | अपेक्षित प्रतिफल | जिम्मेवार निकाय | | | सहयोगी निकाय | अनुगमन सूचक | सूचनाको स्रोत | समय सीमा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय | | | | |
| ४. | लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रम बजारमा महिलाको सहभागिता वृद्धि गर्दै अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने । | १. घरेलु कामकाज र हेरचाह कार्यको आर्थिक पक्षको मूल्याङ्कन गरी अर्थतन्त्रमा पुऱ्याएको योगदानको गणना गर्ने। | घरेलु कामकाज र हेरचाह कार्यको मुल्य कायम भएको हुने । | राष्ट्रिय तथ्यांक कार्यालय | विषयसँग सम्बन्धित मन्त्रालय | स्थानीय तह | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, अर्थ मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, राष्ट्रिय महिला आयोग राष्ट्रिय योजना आयोग | घरेलु कामकाज र हेरचाह कार्यले अर्थतन्त्रमा पुऱ्याएको योगदान | जिम्मेवार निकायका प्रतिवेदन | निरन्तर |

MOWCSC

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २. समान अभिभावकीय भूमिका निर्वाह गर्ने संस्कृति विकास गर्ने । | अभिभावकीय भूमिका निर्वाहमा लैङ्गिक समानता कायम भएको हुने । | विषयसँग सम्बन्धित मन्त्रालय | विषयसँग सम्बन्धित मन्त्रालय | स्थानीय तह | गैह्र सरकारी संस्था, निजी क्षेत्र, सामाजिक अभियन्ता, पुरूष सञ्जाल, नागरिक समाज लगायतका सरोकारवाला निकाय | महिला र पुरुषको समान भूमिकालाई प्रवर्धन गर्न सञ्चालित कार्यक्रमहरु | तथ्याङ्क विभाग, संघ, प्रदेश र स्थानीय तहका प्रतिवेदन | निरन्तर |
| | | ३. महिलाको घरेलु कार्यबोझ घटाई औपचारिक क्षेत्रमा रोजगारी उन्मूख गराउन, प्रविधिको प्रयोग सम्बन्धी प्रोत्साहनमूलक कार्यक्रम | महिलाको औपचारिक क्षेत्रमा रोजगारी वृद्धि भएको हुने। | श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय<br>अर्थ मन्त्रालय<br>महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | विषयसँग सम्बन्धित मन्त्रालय | स्थानीय तह | गैह्र सरकारी संस्था, निजी क्षेत्र, नागरिक समाज लगायतका सरोकारवाला निकाय | औपचारिक क्षेत्रमा महिलाको रोजगारी दर | रोजगारदाता निकाय वा संस्थाहरुको प्रतिवेदन | निरन्तर |

MOWCSC

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सञ्चालन गर्ने। | | मन्त्रालय<br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय,<br>उर्जा जलश्रोत तथा सिंचाई मन्त्रालय | | | | | | |
| | | ४. प्राविधिक शिक्षामा महिलाको पहुँच बढाउने । | प्राविधिक शिक्षामा महिला सहभागिता बढेको हुने | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,<br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | शिक्षा क्षेत्र हेर्ने सम्बन्धित मन्त्रालय | स्थानीय तह | सि टि ई भि टि<br>गैह सरकारी संस्था, निजी क्षेत्र,<br>नागरिक समाज लगायतका सरोकारवाला निकाय | प्राविधिक शिक्षामा लैङ्गिक सहभागिता को अवस्था | जिम्मेवार निकायका प्रतिवेदन | निरन्तर |

MOWCSC

| क.सं. | रणनीति | कार्यक्रम तथा क्रियाकलाप | अपेक्षित प्रतिफल | जिम्मेवार निकाय | | | सहयोगी निकाय | अनुगमन सूचक | सूचनाको स्रोत | समय सीमा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय | | | | |
| | | ५. श्रमको समान सम्मान गर्ने । | मर्यादित श्रमको विकास भएको हुने । | श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | श्रम सम्बन्धी क्षेत्र हेर्ने विषयगत मन्त्रालय | स्थानीय तह- | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | श्रमिकको पारिश्रमिक दर | जिम्मेवार निकायका प्रतिवेदन। | निरन्तर |
| ५. | स्वरोजगार, रोजगारी र उद्यमशीलताको एकीकृत | १. सम्पत्तिमा महिलाको स्वामित्व वृद्धि गर्न प्रोत्साहित गर्ने तथा प्रक्रिया सरलीकृत गर्ने। | सम्पत्तिमा महिलाको स्वामित्व वृद्धि भएको हुने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | स्थानीय तह | राष्ट्रिय महिला आयोग अर्थ मन्त्रालय | महिलाको सम्पत्तिमाथि पहुँचको अवस्था, | एकीकृत महिला स्वरोजगार, रोजगार र | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रमका माध्यमबाट महिलाको आर्थिक सशक्तीकरण गर्ने । | | | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालय | महिला बालबालिका ज्येष्ठ नागरिक क्षेत्र हेर्ने सम्बन्धित मन्त्रालय र प्रदेशका अन्य मन्त्रालय | | | महिलाको नाममा सम्पत्ति भएको अवस्था | उद्यमशीलताको प्रतिवेदन तथा अन्य जिम्मेवार निकायका प्रतिवेदन | |
| | | २. व्यवसायिक कृषि, बजार व्यवस्थापन तथा कृषिमा आधारित उद्यम एवम् सीप विकास कार्यक्रम सञ्चालन गरी महिलाको आर्थिक क्रियाकलापमा वृद्धि गर्ने । | आर्थिक क्रियाकलापमा महिलाको सहभागिता वृद्धि भई आर्थिक सशक्तीकरण भएको हुने । | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, - उर्जा जलश्रोत | विषयसँग सम्बन्धित मन्त्रालय | स्थानीय तह | उद्योग वाणिज्य महासंघ लगायतका संघ, गैह्र सरकारी संस्था, निजी क्षेत्र, सहकारी संस्था, | महिलाको आर्थिक क्रियाकलापमा सहभागीता दर | जिम्मेवार निकायका प्रतिवेदन | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | तथा सिंचाई मन्त्रालय | | | नागरिक समाज लगायतका सरोकारवाला निकाय | | | |
| | | ३. कृषि, पशुपालन, सहकारी, सामुदायिक वन, वातावरण संरक्षण लगायतका कार्यक्रममा महिलाको पहुँच, अवसर र लाभ सुनिश्चित गर्ने। | महिलाको पहुँच, अवसर र लाभ सुनिश्चित भई आर्थिक रूपमा आत्मनिर्भर भएको हुने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, वन तथा वातावरण मन्त्रालय | कृषि,वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय, गैह्र सरकारी संस्था, निजी क्षेत्र, सहकारी संस्था | महिलाको आर्थिक क्रियाकलाप मा सहभागिताको अवस्था। | जिम्मेवार निकायका प्रतिवेदन। | निरन्तर |
| | | ४. महिला उद्यमीद्वारा उत्पादित वस्तुको सङ्कलन, भण्डारण र गुणस्तर परीक्षणमा सरकारी निकायहरुबाट | उद्यमशीलता विकास भई उत्पादित वस्तुको बजारमा सहज पहुँच सुनिश्चितता | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, उद्योग वाणिज्य | विषयसँग सम्बन्धित मन्त्रालय | स्थानीय तह | उद्योग, वाणिज्य महासंघ, सहकारी संघ संस्था, आमा समूह, | महिला उद्यमीहरुवाट उत्पादित वस्तुको बिक्री केन्द्र | जिम्मेवार निकायका प्रतिवेदन। | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सहुलियतको व्यवस्था गर्ने साथै स्थानीय स्तरमा उत्पादित वस्तुहरुको बिक्री वितरण गर्नको लागी “एक स्थानीय तह, एक बिक्री केन्द्र” को व्यवस्था गर्ने । | भएको हुने। | तथा आपूर्ति मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | | | महिला समूह | | | |
| | | ५. राष्ट्रिय तथा प्रदेशस्तरको बिक्री केन्द्रको व्यवस्था गरी उत्पादनको एकीकृत बजारीकरणमा जोड दिइने । | राष्ट्रिय तथा प्रदेशस्तरको बिक्री केन्द्र स्थापना भई उत्पादित वस्तुको एकीकृत बजारीकरण भएको हुने । | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | विषयसँग सम्बन्धित मन्त्रालय | स्थानीय तह | महिला बालबलिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय उद्योग, वाणिज्य लगायतका महासंघ | राष्ट्रिय तथा प्रदेशस्तरको बिक्री केन्द्रको संख्या। | जिम्मेवार निकायका प्रगति प्रतिवेदन | निरन्तर |

MOWCSC

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ६. सार्वजनिक निजी साझेदारीमा सञ्चालन गरिने परियोजनामा महिलाको अर्थपूर्ण सहभागीता गराउने | महिला प्रबर्द्धित लगानी वृद्धि भएको हुने । | संघका सबै मन्त्रालय तथा सरकारी निकाय | विषयसँग सम्बन्धित मन्त्रालय | स्थानीय तह | निजी क्षेत्र, विकासका साझेदार, गैर सरकारी संस्था, नागरिक समाज, सहकारी संस्था | महिला लगानीकर्तालाई प्राप्त सहुलियत व्यवस्था, महिला उद्यमीको सहभागिता दर | जिम्मेवार निकायका प्रगति प्रतिवेदन | निरन्तर |
| | | ७. व्यापार-व्यवसाय एवम् उद्योग गर्न आवश्यक जानकारी तथा सूचना प्रदान गर्ने एवम् अनुदान, छुट सुविधा प्राप्त गर्न समन्वय र सहजीकरण गर्ने। | महिलाद्धरा सञ्चालित उद्योग व्यापार-व्यवसायमा बृद्धि भएको हुने । | उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय अर्थ मन्त्रालय | उद्योग, व्यापार, व्यवसाय हेर्ने सम्बन्धित मन्त्रालय | स्थानीय तह | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय उद्योग, वाणिज्य महासंघ | सञ्चालित उद्योग व्यापार-व्यवसायको संख्या | वार्षिक बजेट, जिम्मेवार निकायका प्रतिवेदन। | निरन्तर |

| क्र.सं. | रणनीति | कार्यक्रम तथा क्रियाकलाप | अपेक्षित प्रतिफल | जिम्मेवार निकाय | | | सहयोगी निकाय | अनुगमन सूचक | सूचनाको स्रोत | समय सीमा |
|---|---|---|---|---|---|---|---|---|---|---|

MOWCSC

| | | | | संघ | प्रदेश | स्थानीय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६. | स्रोत साधन माथि महिलाको समान पहुँच, नियन्त्रण र निर्णय प्रकृयामा अर्थपूर्ण सहभागिता हुन सक्ने गरी आर्थिक सशक्तीकरणको माध्यमबाट महिलालाई आत्मनिर्भर बनाउने। | १. सार्वजनिक निजी साझेदारीमा महिला उद्यमशीलता प्रशिक्षण केन्द्र स्थापना गरी उद्यमशीलता सम्बन्धी एकीकृत कार्यक्रम सञ्चालन गर्ने। | महिला उद्यमशीलता अभिबृद्धि भएको हुने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक क्षेत्र हेर्ने सम्बन्धित मन्त्रालय | स्थानीय तह | राष्ट्रिय योजना आयोग<br>अर्थ मन्त्रालय<br>उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय<br>उद्योग, वाणिज्य महासंघ | स्थापना भएका प्रशिक्षण केन्द्र तथा सञ्चालित कार्यक्रमको विवरण | जिम्मेवार निकायका प्रगति प्रतिवेदन | ५ बर्ष |
| | | २. महिलाद्वारा प्रवर्द्धित उद्योग व्यवसाय दर्ता, ऋण र बीमामा छुट, सुविधा तथा सहुलियतको व्यवस्था गर्ने। | महिलाद्वारा सञ्चालित उद्योगको प्रबर्द्धन भएको हुने । | उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय<br>अर्थ मन्त्रालय | उद्योग क्षेत्र हेर्ने सम्बन्धित मन्त्रालय | स्थानीय तह | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,<br>उद्योग, वाणिज्य महासंघ,<br>गैह्र सरकारी | महिलाद्वारा प्रवर्द्धित दर्ता भएका उद्योग व्यवसाय, ऋण र बीमामा छुट, सुविधा | वार्षिक बजेट, जिम्मेवार निकायका प्रतिवेदन। | निरन्तर |

MOWCSC

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | संस्था,निजी क्षेत्र सामाजिक अभियन्ता, नागरिक समाज लगायत सरोकारवाला निकाय | | | |
| | | ३. स्थानीय तहमा महिला उद्यमशीलता सहजीकरण केन्द्रको स्थापना तथा सञ्चालन गर्ने। | स्थानीय तहमा महिला उद्यमशीलता सहजीकरण केन्द्रको स्थापना भएको हुने । | - उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | - उद्योग क्षेत्र हेर्ने सम्बन्धित मन्त्रालय | स्थानीय तह | राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | स्थापना भएका महिला उद्यमशीलता सहजीकरण केन्द्रको संख्या | जिम्मेवार निकायका प्रगति प्रतिवेदन | निरन्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ४. महिलाको आर्थिक क्रियाकलापमा व्यवसायिक र सामाजिक जोखिम न्यूनीकरण गर्न सूचना प्रवाहको सहज व्यवस्था मिलाइने । | जोखिम न्यूनीकरण गर्न सूचना प्रवाहको सहज व्यवस्था भएको हुने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | विषयसँग सम्बन्धित मन्त्रालय | स्थानीय तह | स्थानीय एफ एम तथा रेडियो मिडिया हाउस | सूचना व्यवस्थापन को अवस्था | जिम्मेवार निकायका प्रगति प्रतिवेदन | निरन्तर |
| | | ५. कार्यस्थलमा स्तनपान कक्ष र दिवा शिशु स्याहार केन्द्र सञ्चालन गर्ने। | कार्यस्थलमा स्तनपान कक्ष र दिवा शिशु स्याहार केन्द्र सञ्चालन भएको हुने । | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, अर्थ मन्त्रालय | प्रदेशका सबै मन्त्रालय तथा सरकारी निकाय | स्थानीय तह | -अन्य संघीय मन्त्रालय तथा सरकारी निकाय | कार्यस्थलमा स्थापित स्तनपान कक्ष र दिवा शिशु स्याहार केन्द्र | जिम्मेवार निकायका प्रगति प्रतिवेदन | निरन्तर |

MOWCSC

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ६. औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र तथा औद्योगिक ग्राममा महिला उद्यमीलाई उद्योग व्यवसाय सञ्चालन गर्न स्थान उपलब्ध गराइने। | महिला उद्यमीका लागि उद्योग व्यवसाय सन्चालन गर्न स्थान उपलब्ध भएको हुने। | उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | विषयसँग सम्बन्धित मन्त्रालय | स्थानीय तह | उद्योग, वाणिज्य महासंघ लगायतका संघ तथा महासंघ। | सञ्चालन भएका उद्योगलाई उपलब्ध स्थान | जिम्मेवार निकायका प्रतिवेदन | निरन्तर |

MOWCSC

## परिच्छेद-४
## कार्ययोजनाको सीमा र प्रतिवेदन

**१. कार्ययोजनाको सीमाः**

प्रस्तुत कार्ययोजना मुख्य रुपमा राष्ट्रिय लैङ्गिक समानता नीतिको विषयलाई समावेश गरी तयार गरिएको छ। यसले राष्ट्रिय लैङ्गिक समानता नीतिमा समावेश भए बमोजिम सबै प्रकारको लैङ्गिक विभेद, शोषण र असमानताको अन्त्य गरी लैङ्गिक समानता कायम गर्ने, महिलाहरुको आर्थिक, सामाजिक एवं राजनीतिक सशक्तीकरण गर्ने र लैंङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्ने विषयलाई मात्र समेटेको छ ।

कार्ययोजनालाई अन्य कार्ययोजनाको परिपूरकका रूपमा लिई कार्यान्वयन गर्नु पर्ने हुन्छ।प्रस्तुत कार्ययोजना, राष्ट्रिय लैङ्गिक समानता नीतिको कार्यान्वयनको दस्तावेज हो। कार्ययोजनाका उद्देश्यहरू एवम् तिनको आधारमा निर्धारित रणनीति तथा कार्यनीतिलाई कार्यान्वयन गर्नको लागि स्रोत र साधनको व्यवस्था गर्ने दायित्व संघ, प्रदेश र स्थानीय तहका जिम्मेवार निकाय एवम् सहयोगी निकाय हुनेछन्। साथै कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको लागि संयुक्त राष्ट्रसंघीय निकाय र अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदारसँग समन्वय र सहकार्य गरिनेछ।

**२. कार्ययोजनाको प्रगति प्रतिवेदनको ढाँचा**

**(क) स्वरोजगार, रोजगारी र उद्यमशीलताको एकीकृत कार्यक्रम**

| क्र.सं. | कार्यक्रम | समयावधि | सहभागी संख्या | लागत | अपेक्षा | उपलब्धी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**(ख) साझा अभियान सम्बन्धी कार्यक्रम**

| क्र.सं. | दिवस सञ्चालन | कार्यक्रमको उद्देश्य | सहभागी संख्या | कार्यक्रम सञ्चालन विधि | लागत | उपलब्धी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(ग) आर्थिक सशक्तीकरण सम्बन्धी कार्यक्रम

| क्र.सं. | कार्यक्रम | कार्यक्रमको उद्देश्य | कार्यक्रमको ढाँचा | अपेक्षीत उपलब्धी | लागत | उपलब्धी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(घ) कार्ययोजनाको कार्यान्वयनबाट पीडित प्रभावितहरूको उद्धार /राहत

| क्र.सं. | हिंसाको प्रकार | उद्धार\राहत | महिला, बालिका\अन्य | सेवाको प्रकार | हालको अवस्था | खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(ङ) कार्यान्वयन कार्ययोजना कार्यान्वयन पश्चातको उपलब्धी

| क्रम संख्या | विगतको अवस्था | कार्यान्वयनको अवस्था | लागत | साढे दुई वर्षको उपलब्धी | सामाजिक प्रभाव | जिम्मेवार निकायको भनाइ | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

४. **अभिलेख** :अभियानमुखी, सशक्तीकरण र सचेतनाका कार्यक्रम, विभेद, असमानता र लैङ्गिक हिंसाका तथ्य\तथ्यांक, मासिक\चौमासिक रुपमा प्राप्त तथ्य\तथ्यांकलाई एकिकृत गर्नको लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा सूचना प्रणालीमा आवद्ध गरिनेछ ।